कीर्तिपुरको चित्रण

# कीर्तिपुर सन्देश

साप्ताहिक

KIRTIPUR SANDESH WEEKLY

वर्ष १ अंक ३३ ने. सं. ११३२ चिल्लागा सप्तमी बुधवाः २०६८ चैत्र १ गते बुधवार (Mar - 14, 2012) मुल्य : ५/- (न्यातका)

# म्याद सकिएपछि राखिएको 'फ्लेक्स बोर्ड'

**कीर्तिपुर सन्देश /**

नेपाल पर्यटन वर्ष २०११ सकिएको तीन महिना पछि मात्र कीर्तिपुरमा पर्यटकहरूका लागि भनी कीर्तिपुरका विभिन्न स्थानहरू उल्लेख गरि होर्डिङ बोर्ड राखिएको छ । कीर्तिपुर नगपालिका, पर्यटन वर्ष २०११, टुरिज्म भिजन २०२० र पर्यटन विकास बोर्डको संयुक्त प्रयासमा कीर्तिपुर नगरका विभिन्न १३ स्थानमा ती फ्लेक्स बोर्डहरू राखिएका छन् ।

पर्यटन वर्ष २०११ मा राख्नु पर्ने उक्त बोर्ड पर्यटन बर्ष २०११ सकिएको ३ महिना पछि राखिएको छ । पर्यटन वर्ष २०११ को बजेट सक्याउन हतार हतारमा सो बोर्ड राखिएको त हैन भनी कीर्तिपुरवासीले प्रश्न गर्न थालेका छन् ।

कीर्तिपुरको प्रवेशद्वार अहिले निर्माण सकिएको छ तर उक्त बोर्डमा भने अधूरो कीर्तिपुर प्रवेशद्वारको फोटो राखिएको कारण अधुरो फोटो राख्नु भन्दा फोटो नै नराखेको भए बेस हुने स्थानीयवासीले बताएका छन् ।

कीर्तिपुरको प्रवेशद्वारमा राखिएको फ्लेक्स बोर्डमा कीर्तिपुर विभिन्न सम्पदा एवं पर्यटकीय स्थलहरू बाघ भैरब, बालकुमारी मन्दीर नगाउँ, चिलंच्व विहार, देवढोका, नगरपालिका कार्यालय, नगाउँ दोवाटो, नयाँबजार, पाँगा दोवाटो, श्रीकीर्ति विहार, परम्परा साधना विहार, उमामहेश्वर, त्रिभूवन विश्व विद्यालय र पाँगा उल्लेख गरिएको छ । पाँगामा भएका पर्यटकीय अति



महत्वपूर्ण स्थल लाछि स्थित पेगोडा शैलीको प्राचिन नारायणी मन्दीर, ऐतिहासिक एवं सांस्कृतिक रुपमा महत्व रहेका विष्णुदेवी र वालकुमारी मन्दिर, सम्पूर्ण पाँगावासीको एउटै मात्र पौराणीक तथा ऐतिहासिक एवं सांस्कृतिक महत्व बोकेको कलात्मक गणेशस्थान मन्दिर, उपत्यकामा नै अनौठो र आश्चर्यको रुपमा मानिएको भाजंगल स्थित विर मशानको समेत उल्लेख नभएका कारण कतै पूर्वाग्रही भई सो बोर्ड बनाएको त हैन भनी सरोकार वालाहरू प्रश्न उठाउन थालेका छन् ।

देवनागरी लिपि, रोमन लिपि र नेपालको मौलिक लिपि रञ्जनामा पनि विभिन्न स्थानको नाम राखिएको भएतापनि रञ्जना लिपि भने बुझ्न नसकिने अवस्थामा छ ।

सो फ्लेक्स बोर्ड जसले बनाएको भएतापति समग्रमा कीर्तिपुरको ज्ञान नभएका ब्यक्तिले बनाएको हो वा पूर्वाग्रही भै बनाएको हो कि भनी प्रश्न समेत उठाउन थालेका छन् ।

कीर्तिपुर प्रवेश द्वारमा राखिएको फ्लेक्स बोर्ड भन्दा पाँगा दोवाटोमा राखिएको बोर्डमा फोटो फरक राखिएको छ भने त्यसै गरी पाँगा दोवाटोमा राखिएको बोर्ड भन्दा पाँगा ढोकासीमा राखिएको बोर्ड फरक छ ।

कीर्तिपुरका विभिन्न स्थानमा राखिएका १३ वटा फ्लेक्स बोर्डको लागि ३ लाख खर्च भएको कीर्तिपुर नगरपालिकाका कार्यकारी अधिकृत रामलाल श्रेष्ठले जानकारी दिनु भएको छ ।

यसै वीच नेवाः स्वायत्त राज्य मंकाः परिषद् कीर्तिपुरका प्रतिनिधि मण्डल कीर्तिपुर नगरपालिकामा हिजो मंगलवार डेलिगेशन गई विगतमा नै नगरपालिका परिषद्ले पारित गरी बजेट समेत विनियोजन भइसकेको कीर्तिपुरका विभिन्न स्थानहरूको नाम सहितको बोर्ड राख्न अनुरोध गरेको थियो ।

सो वोर्डहरूमा मौलिक एवं परम्परागत नाम राख्नुका साथै रञ्जना लिपि, देवनागरी लिपि र रोमन लिपिले उल्लेख गर्ने योजना नगरपालिकाले केहि वर्ष अधिदेखि नै गर्ने भनिएता पनि अहिले सम्म कार्यान्वयन नभएका कारण मंकाः परिषद्का प्रतिनिधिमण्डल डेलिगेशन गएका हुन । कार्यकारी प्रमुखले सो कार्य याथासिध्र गर्ने बचन दिनु भएको थियो ।

**Prop: Ram kumar Maharjan 4333344, 9851037150**

**A 2 Z MOBILE REPAIR CENTRE**

**Nayabazar, Kirtipur 17**



**Our Service**
**Repair and Sale Mobile, LCD,Camera, DVD etc**

**रेक्स सेक्यूरिटी सर्भिसेज**

सेक्यूरिटी गार्ड तालिम गराई प्रमाण पत्र सहित स्वदेशमा वा विदेशमा रोजगारीको सुवर्ण अवसर दिलाइन्छ । साथै कुनै पनि संघ संस्था, कम्पलेक्स, स्कूल, कलेज, बैंक, सिभिल होम, कलकारखाना र घरको लागि सेक्यूरिटी गार्ड चाहिएमा तुरुन्त सम्पर्क राख्नुहोला ।

**सम्पर्कः भुवन महर्जन : ९८४१७७८९४४, ट्याङलाफाँट, कीर्तिपुर**

**पद्मकाष्ठपुर डेपार्टमेन्टल स्टोर**

**लोकतान्त्रिक चोक मंगल दोवाटो**

**9848555555**

**दर्शन मोविकेयरले ल्याउँदैछ हंगामा**

सेकेण्ड ह्याण्डका ब्राण्डेड कलर टिभीहरू

१४ इन्चको रु २०००–३०००।–
२१ इन्चको रु ६,०००–१०,०००।–
२४ इन्चको रु ८,०००–१२,०००।–
२९ इन्चको रु ९,०००–१४,०००।
३२ इन्चको रु १०,०००–१५,०००।–

**स्टक सिमित छ तुरुन्त सम्पर्क राख्नुहोला**

हरेक ब्राण्डका मोबाइल सेटहरू साथै अन्य इलेक्ट्रोनिक्स सामानहरू पनि

मोबाइलदेखि Laptop सम्मका उपहार लैजानुहोस्

सहकारीमा खाता खोल्नुहोस् उपहार सबैलाई दिइनेछ ।
(स्टक रहुन्जेल सम्म मात्र)

बिस्तृत जानकारीका लागिः
दर्शन बचत तथा ऋण सरकारी संस्था
नयाँबजार-३ फो.नं. ४३३६७७६

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशकः
नजरराम महर्जन
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह
व्यवस्थापन
भरत महर्जन, सनम श्रेष्ठ
फोटो पत्रकार
नविन जोशी
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७, ९८४१४०१०७७
kirtipur_sandesh@live.com
काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

## सम्पादकीय

## सहमतिका लागि कहिले सम्म म्याद थप ?

नयाँ संविधान निर्माणको क्रममा मस्यौदा संविधान बनाउनका लागि सहमतिको लागि भनी प्रमुख तीन दलले लगातार म्याद थप गर्दै आइरहेको अवस्था छ । अब त सहमतिको लागि कहिले सम्म म्याद थप गर्ने भनी प्रश्न उठ्नु पनि स्वाभाविक भैसकेको अवस्था छ ।

सहमति नभएको विषयमा संविधानसभामा बहुमतबाट पारित गरि मस्यौदा संविधान बनाउन प्रमुख दलका नेताहरू तयार नभएको कारण किन होला भनी सोच्नु पर्ने बेला आएको छ ।

केही समय अगाडि मात्रै आदिवासी जनजाति सभासद दवाव समुहको भूमिकाका कारण तीन दलले तयार गरेको योजना संवैधानिक अंगको रूपमा राज्य पुनर्सरचना विज्ञ समूहको कुरा असफल भएको थियो । र अहिले पनि राज्य पुनर्सरचनाको सवालमा पहिचान सहितको प्रदेश निर्माण गर्नुपर्ने कुरामा आदिवासी जनजातिदेखि मुस्लिम, मधेसी समुदायका सभासद एकमत भयो भने अप्ठ्यारो आउन सक्ने अवस्था रहेका कारण आफूहरूको योजना पहिचानको आधारमा राज्यको पुनर्सरचना नगरी सामर्थ्यताको आधारमा भनी अहिलेकै ७५ जिल्लालाई प्रदेश बनाउने सपना विफल हुन सक्ने भएका कारण ले ती नेताहरू बहुमतको आधारमा निर्णय गर्ने वाटोमा नलागी सहमतिका लागि भन्दै म्याद थप्दै गएको महसूस हुन थालेका छन् । यदि दलहरूको योजना त्यही हो भने समयमा संविधान आउने सम्भावाना झन झन छिन हुँदै गएको छ र त्यो योजनाबद्ध रूपमा चालिएको पाइला भनी बुझ्नुपर्ने अवस्था आउँछ ।

# खेल खेलाउँदै रक्तदानका लागि प्रशिक्षात्मक कार्यक्रम



कीर्तिपुरका युवाहरूलाई एकता भए धेरै काम गर्न सक्ने प्रशिक्षात्मक खेल खेलाउदै गत शनिवार फागुन २७ गते कीर्तिपुरमा रक्तदानका लागि प्रशिक्षात्मक कार्यक्रम सम्पन्न भयो । किपू लूजः र नेपाल रेडक्रस सोसाइटि कीर्तिपुर उप शाखाको संयुक्त आयोजनामा भएको सो कार्यक्रममा कीर्तिपुर नगरका थुप्रै युवाहरू सहभागी भएका थिए ।

किपू लूजः नामक कीर्तिपुरको सामजिक संस्थाले आउँदो शनिवार चैत्र १८ गते रक्तदान कार्यक्रम आयोजना गर्ने तयारीको क्रममा सो प्रशिक्षात्मक कार्यक्रम गरेको थियो । २०६४ सालमा स्थापित सो संस्थाले विगतमा युवाहरूलाई विभिन्न तालिम दिनुका साथै सामाजिक कार्य समेत गर्दै आएको छ । लूजःले आज भन्दा ३ बर्ष अघि मात्रै अहिले सम्मकै कीर्तिपुरमा सबै भन्दा ठूलो कन्सर्ट समेत आयोजना गरेको थियो । यसै वीच आउदो शनिवार चैत्र ४ गते कीर्तिपुर मा एक पत्रकार सम्मेलन गरी रक्तदान कार्याक्रमको विषयमा जानकारी गराउने कार्यक्रम रहेको किपू लूजःले जनाएको छ ।



# जातीय राज्य चलाउने नेताहरू नै जातीय राज्यको विरोधमा किन ?

अहिले दिनहुँ जस्तो संचारमाध्यममा आइरहेका समाचार भनेकै प्रमुख दलका नेताहरू जातीय राज्यको विरोधमा बोलेको कुरालाई प्राथमिकताका साथै छापिरहेका छन् । अनि जातीय राज्यको विरुद्ध सडकदेखि सभासमारोहमा समेत नेताहरूले बोल्दै हिडेका छन् । मानौं कि राज्यको पुनर्सरंचना र संघीयताको पक्षमा उभिएका आदिवासी जनजाति, मधेसी, मुस्लिमदेखि बहिस्करणमा पारिएका समुदाय जातीवादी भइ अब नेपाल बाहुन क्षेत्रीविहिनको राज्य बनाउन लागेको कार णले नेपाललाई बचाउने एउटै मात्र उपाय भनेकै जातीय राज्यको विरोध गर्नुपर्ने महसूस गर्दै ती नेताहरू प्रस्तुत हुँदै आएको जस्तो देखिन थालेका छन् । त्यसर ी अभिव्यक्ति दिने अधिकांश नेताहरू विगतदेखि ब्राम्हणवादी सोच भएका हुन भन्ने कुरा स्पष्ट भएकै कुरा हो ।

**के साँच्चै नेताहरू जातीय राज्यको विरोधी हो त ?**

बास्तवमा नेपालमा २४० बर्ष सम्म चलेको राज्य कस्तो राज्य हो ? त्यो राज्य भनेको समावेसी राज्य, सबै जाती, भाषा, धर्मावलम्वी र समुदायले आफ्नो मुलुक भनी महसूस गर्न सक्ने राज्य हो त ? २४० बर्ष सम्म एक भाषा, एक भेष, एउटै संस्कृति र एउटै धर्मलाई मान्ने समुदायले चलाएको राज्य हैन र ? एउटै जातीका समुदायले चलाएको राज्य बास्तवमा जातीय राज्य हैन र ? विगतमा एउटै जातीले राज्य चलाएका कारण त्यो नै जातीय राज्य हो ।

**श्रीकृष्ण महर्जन**

विगतमा अघोषित रुपमा जातीय राज्य चलेको थियो । त्यसैले २४० बर्ष सम्म नेपालमा जातीय राज्य चलेको भन्दा के फरक पर्ला ? अहिले आएर त्यही ब्राम्हणवादी सोच भएका नेताहरूले जातीय राज्यको विरुद्ध बोल्नु भनेको ती नेताहरू फेरी यो मुलुकमा एउटै जाती शासनमा चल्ने राज्य होस भनी चाहेको स्पष्ट हुन आउँछ ।

**जनजातिले खोजेको राज्य कस्तो ?**

अहिले आदिवासी जनजातिदेखि मधेसीले चाहेको राज्य भनेको जातीय राज्य होइन । समावेशी राज्य हो । पहिचानको राज्य हो । जुन जुन समुदायको आदिभूमि ती क्षेत्रमा ऐतिहासिकता, भौगोलिक निरन्तरता, भाषा, संस्कृति र जातीलाई पहिचानको आधार मानी पहिचानकै आधारमा राज्य पुनर्सरंचना गर्नुपर्ने र नामांकरण पनि त्यही आधारमा हुनुपर्ने माग गर्दै आएको हो । सबै प्रदेश अथवा राज्यमा सबै जाती, धर्म, संस्कृतिको संरक्षण संबर्द्धन हुने खालको समावेशी राज्यको माग गरेको हो । सबै समुदायले आफ्नो राज्य भनी महसूस गर्न सक्ने खालको राज्यको माग गरेको हो । नत ती प्रदेश अथवा राज्यमा ब्राम्हण क्षेत्रीलाई निषेध गर्न खोजेको हो ? बास्तवमा आदिवासी जनजाति, मधेसी र राज्यद्वारा बहिस्करणमा परिएका समुदायले समावेशी राज्यको माग गरेको हो । त्यसैले अहिलेको अवस्थामा नेताहरूले अनावश्यक रुपमा जातीय राज्य हुँदैन भनी चर्को विरोध गर्नुको कुनै अर्थ छैन ।

**अब के हुन्छ ?**

आदिवासी जनजाति एवं राज्यद्वारा बहिस्करणमा पारिएका समुदायले २४० बर्षसम्म धेरै गुमाएका छन् । आफ्नो भाषा, संस्कृति, पहिचान सबै गुमाएका छन् । त्यसैले अब गुमाउनु पर्ने कुनै चीज छैन । संविधान समयमै जारी होस या नहोस् आदिवासी जनजाति एवं राज्यद्वारा बहिस्करणमा पारिएका समुदायले गुमाउनु पर्ने अवस्था छैन । अब गुमाउनुपर्ने भनेको ब्राम्हणवादी सोच भएका अहंकारवादीहरूले गुमाउने बेला आएको छ । त्यो राज्य सत्तामा पुग्नेदेखि हरेक क्षेत्रमा पनि । त्यसै कारणले नै होला ब्राम्हणवादी सोच भएका नेताहरू छटपटिरहेका छन् । ती ब्राम्हणवादी सके सम्म संविधानसभालाई नै भंग गर्न सके आफूहरूको हित हुने महसूस गरि आदिवासी जनजातिहरूको मागलाई गोलमटोल गर्न जातीय राज्यको पक्षमा छैनौं भन्दै भोली गएर संघीयताको नै विरोध गर्ने षडयन्त्र रचिरहेको स्पष्ट हुन आउँछ । यदि ब्राम्हणवादी सोच भएका नेताहरू त्यसरी लागे ती नेताहरू राष्ट्रिय नेता नभई आफ्नै समुदायका नेता मात्र बन्ने र नयाँ राजनीतिक समिकरण भई आदिवासी जनजाति, मधेसी एवं बहिस्करणमा परिएका समुदायवाटै नेताहरू जन्मने कुरा स्पष्ट छ भन्दा केहि फरक नपर्ला ।

# हल्लाको पछि नलाग्नु होला

by Greater Nepal March 8, 2012

२१ डिसेम्बर २०१२ मा संसारमा प्रलय भएर यो पृथ्वी नै ध्वस्त हुन्छ भन्ने हल्ला चलेको दुई वर्ष भैसक्यो । अहिले सन २०१२ को मार्च महिना चलिरहेको छ । फेसबुकमा यसको बारे धेरै चर्चा परिचर्चा चल्न थालेको छ । यसै सन्दर्भमा ग्रेटर नेपालले केही तथ्यसहित हल्लाको पछि नलाग्न सुझाव दिनु भएको छ ।

२१ डिसेम्बर २०१२ मा मरिने त हो नि ! भनेर जाँड रक्सी नखानेले जाँड रक्सी खान सिक्ने, तास खेल्न नजान्नेले जुवा खेल्न सिक्ने अनि गर्ल फ्रेण्ड नहुनेहरू रातो बल्ने एरियामा जाने नगर्नुहोला । बरु जति सक्नुहुन्छ आफ्नो सुरक्षित भविष्यको लागि बैंक खातामा सकेको रकम जम्मा गर्दै जानुहोला ।

**सन्दर्भः**
**२१ डिसेम्बर २०१२**
**Facebook बाट**

**हल्ला कसरी आयो ?**

अमेरिकाको उपनिवेशको एउटा जाती माया जातीको पण्डितको भविष्यवाणी ८९ प्रतिशत मिल्दै आएको थियो । उनीहरूको क्यालेण्डरमा २१ डिसेम्बर २०१...२ देखि यताको मिति नभएको हुँदा, मान्छेहरूले यो पृथ्वीको अन्त्य हुने अनुमान लगाएका हुन । हुन त वैज्ञानिकहरूले पनि उक्त दिन पृथ्वी र सूर्यको परिक्रमा गर्ने बाटो अति नजिक पर्ने भएकोले केही अप्रिय घटना हुन सक्छन कि भन्ने अनुमान गरेका छन । तर यसको मतलब पृथ्वीको अन्त्य भन्ने होइन । किनकी पृथ्वीको मलामी जाने बेला वैज्ञानिकहरूलाई पनि जानकारी छैन । मलाई लाग्छ २१ डिसेम्बर २०१२ को दिन पात्रो बनाइरहेको माया जातीको पण्डितको अचानक मृत्यु भयो । त्यसपछि क्यालेण्डर बनाउने काम रोकियो । के यो हुन सक्दैनन् र ?

अर्को कुरा सन २०१२ नामको चलचित्रको व्यापार र विक्रिको लागि नै यो हल्ला फैलाइएको हो । तर आजको बढ्दो तापक्रम र बदलिंदो वातावरणको कारण ग्लोबल वार्मिङ हो । यदि मान्छेले पृथ्वीलाई बचाउने हो भने प्रदुषित वातावरणको नियन्त्रण गर्नु पर्दछ । नत्र निकट भविष्यमै हाम्रो पृथ्वीको अन्त्य हुनसक्छ । हामी सबैको साझा घर पृथ्वीलाई बचाउनुस, हल्लाको पछाडि नजानुस् ।

## फेसबुकको बारेमा –पवन शाक्य धनकुटे

फेसबुकले तरकारी डढेका पनि पत्तो हुन्न..
फेसबुकले छोराछोरी सडेको पनि पत्तो हुन्न..
मोबाइलमा दुनियाको स्ट्याटस पढ्दै हिड्दा..
भ्वाम्म बडेमानको खाल्डोमा लडेको पनि पत्तो हुन्न
अनलाइन मै लब पर्छ, अनलाइनमै ब्रेक अप हुन्छ

जिन्दगीनै ठूलो भासमा गढेको पनि पत्तो हुन्न..
लाईक र कमेन्टको प्रतिक्षामा बस्दा बस्दा ...
आफैमाथि दुनिया चढेको पनि पत्तो हुन्न ...
फेसबुकले तरकारी डढेको पनि पत्तो हुन्न ..
फेसबुकले छोराछोरी सडेको पनि पत्तो हुन्न ..

# मङ्गलमा विदाइ, स्वागत तथा पुरस्कार वितरण

**कोपिला गिरी (प्रशिक्षार्थी)**

कीर्तिपुर नयाँबजारस्थित मंगल बहुमुखी क्याम्पसमा गत शनिवार फागुण २७ गते विदाइ, स्वागत तथा पुरस्कार वितरण समारोहको आयोजना भएको थियो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रा.डा.शिवशरण महर्जनको सभापतित्वमा सम्पन्न भएको उक्त समारोहको अतिथि त्रि.वि.का उपकुलपति प्रा.डा. हिरावहादुर महर्जनले पानसमा दीप प्रज्वलन गरी उद्घाटन गर्नु भएको थियो ।

क्याम्पसका को-अर्डिनेटर सिद्धिवहादुर महर्जनले संचालन गर्नु भएको उक्त कार्यक्रममा प्राचार्य प्रदीप महर्जनले उपस्थित सबैलाई स्वागत गर्नुहुँदै विद्यालयको प्रगति विवरण दिनु भएको थियो ।

त्यसपछि मङ्गल उच्च मा.वि. र मङ्गल बहुमुखी क्याम्पसबाट विभिन्न विषयमा सर्वोत्कृष्ट अंक ल्याउन सफल भएका विभिन्न संकायका विद्यार्थीहरूलाई पुरस्कार वितरण गरिएको थियो ।

१. **टिका नगद पुरस्कार :** समाजसेवी, शिक्षाप्रेमी र उक्त विद्यालयका भू.पू.अध्यक्ष एवम् सल्लाहकार टिकाराम महर्जनले प्लस टूमा शिक्षा संकायमा उत्कृष्ट अंक ल्याउने एक जनालाई दिइने नगद पुरस्कार यस साल टेक नारायण पाण्डेलाई रु.१५००/ प्रदान गर्नु–भयो ।

**२.ज्ञान नगद पुरस्कार :** उक्त विद्यालयका भू.पू.अध्यक्ष एवम् सल्लाहकार स्व.ज्ञानवहादुर महर्जन द्वारा २०६३ सालमा स्थापित प्लस टू मानविकी संकाय तर्फ उत्कृष्ट अंक ल्याउनेलाई दिइने पुरस्कार उहाँको जेठो छोरा ज्ञानु राजा महर्जनद्वारा मानविकीमा उत्कृष्ट अंक ल्याउन सफल दीपा कुमारी उप्रेतीलाई रु.२०००/प्रदान गर्नुभयो ।

**३.पूर्णलाल नगद पुरस्कार :** समाजसेवी एवं शिक्षाप्रेमी पूर्णलाल महर्जनद्वारा २०६६ सालमा रु.५० हजारको अक्षयकोष व्यवस्था गरी स्थापना गर्नु भएको यो पुरस्कार प्लस टू मा शिक्षा, मानविक र व्यवस्थापन संकायमा उत्कृष्ट अंक प्राप्त गर्ने एक एक जनालाई दिइने पुरस्कार उहाँको अनुपस्थितिमा उहाँको छोरा प्रा.डा. शिवशरण महर्जनले सृष्टि महर्जन र टेक नारायण पाण्डेलाई जनही रु.२५०० पुरस्कार दिनुभयो । गत वर्ष रु.२०००/ प्रदान गर्नु भएको थियो ।



फोटो नजरराम महर्जन



फोटो नजरराम महर्जन

**४. रत्नभाइ पुरस्कारः** समाजसेवी रत्नभाइ महर्जनले वि.एड.मा उत्कृष्ट अंक ल्याउने एक जनालाई दिइने नगद पुरस्कार रवि महर्जनलाई प्रदान गर्नुभयो ।

**५. खेम नगद पुरस्कारः** उच्च मा.वि तहमा अनिवार्य अंग्रेजी विषयमा उत्कृष्ट अंक ल्याउने एकजनालाई दिइने नगद पुरस्कार अम्बिका प्रसाद पाण्डे शिक्षा संकायले प्राप्त गर्न सफल भयो । यो पुरस्कार सह-प्राध्यापक खेमनाथ सिटौलाले स्थापना गर्नु भएको हो ।

**६. शान्तिराम पुरस्कारः** उच्च मा.वि.तहमा कक्षा ११मा अंग्रेजी विषयमा सर्वोत्कृष्ट अंक ल्याउनेलाई दिइने पुरस्कार व्यवस्थापन संकायका अर्पणा महर्जनले प्राप्त गर्न सफल हुनुभयो । यो पुरस्कार शान्तिराम भण्डारीले स्थापना गर्नु भएको हो ।

**७. रत्नवहादुर पुरस्कारः** समाजसेवी एवं शिक्षाप्रेमी रत्नवहादुर महर्जनले मंगल बहुमुखी क्याम्पसमा B.Ed/ BBS मा उत्कृष्ट अंक ल्याउने एकजनालाई प्रदान गरिने नगद पुरस्कार शिक्षा संकायका रवि महर्जनले प्राप्त गर्न सफल हुनुभएको छ । यो पुरस्कार उहाँले २०६७ सालमा रु.५० हजारको अक्षयकोष स्थापना गर्नुभै सोबाट प्राप्त हुने ब्याजबाट प्रदान गरिएको हो ।

**८. ओम पदक :** मंगल क्याम्पसका संयोजक सिद्धिवहादुर महर्जनले स्थापना गर्नु भएको प्लस टुमा उत्कृष्ट अंक ल्याउने सृष्टि महर्जनलाई ओम पदक प्रदान गरियो । यसको अतिरिक्त नयाँ तीनवटा पुरस्कार आगामी वर्षदेखि थपिने कार्यक्रम संचालक सिद्धिवहादुर महर्जनले जानकारी दिनुभयो । दाताहरूमा विद्यानन्द जोशी, पूर्णवहादुर महर्जन र नीलकण्ठ अमात्य हुनुहुन्थ्यो । यसैक्रममा सभापति प्रा.डा. शिवशरण महर्जनले क्याम्पसद्वारा आयोजित विभिन्न खेलकुदहरू तथा कविता प्रतियोगितामा प्रथम र द्वितीय हुने विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्नु भएको थियो । त्यसपछि मन्तव्य दिनेक्रममा व्यवस्थापन समितिको तर्फबाट रामकृष्ण महर्जन 'धिनां'ले पाटीबाट सुरु भएको यस विद्यालय आजको अवस्थामा आइपुगेको देख्दा आफू खुसी भएको कुरा बताउनु भयो । प्रमुख अतिथि त्रि.वि.का उपकुलपति प्रा.डा. हिरावहादुर महर्जनले विद्यालयबाट प्राप्त गरेको शिक्षा ब्यावहारिक जीवनमा प्रयोगमा ल्याउन विद्यार्थीहरूलाई सल्लाह दिनुभयो ।

अन्तमा सभापतिको आशनबाट प्रा.डा. शिवशरण महर्जनले विद्यार्थीहरू विद्यालयको गहना हुन । आगामी वर्षमा योभन्दा राम्रो प्रतिशत अंक ल्याइ सफल हुन शुभकामना दिनुभयो । ताली दुई हातले बज्छ । कुनै पनि विद्यालयको विकासमा व्यवस्थापन समिति, शिक्षक/शिक्षिका र कर्मचारी सबैको योगदान हुनुपर्छ । विद्यालयलाई माया गर्नुहुने, सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिनुहुँदै कार्यक्रम समाप्त भएको घोषणा गर्नुभयो ।

औपचारिक कार्यक्रमपछि विद्यार्थीहरूले विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरी मनोरंजन गरियो ।

# पुष्पसदनमा वार्षिकोत्सव सम्पन्न


फोटो नजरराम महर्जन

गत फागुण २७ गते सनिवार पुष्पसदन आवासीय मा.वि.ले आफ्नै प्रांगणमा वार्षिकोत्सव तथा पुरस्कार वितरण कार्यक्रम भव्यताका साथ सम्पन्न गरियो ।

शैक्षिक सत्र २०६८ भरि विद्यालयमा तहगत र कक्षागत रुपमा सञ्चालित अन्तरसदन अतिरिक्त क्रियाकलापका प्रतियोगिताहरूका साथै भर्खरै सम्पन्न वार्षिक खेलकुद प्रतियोगितामा प्रथम तथा द्वितीय स्थान हासिल गर्ने विद्यार्थीहरूलाई पदक तथा प्रमाणपत्र वितरण गरिएको थियो ।

कार्यक्रमको सुरुमा राष्ट्रिय गान र विद्यालय गान पुष्पसदन ब्याण्डले प्रस्तुत गर्नुभएको थियो । स्वागत गान पनि विद्यार्थीहरूले नै प्रस्तुत गरिएको थियो । स्वागत मन्तव्य समिधा शाह र गीता वास्कोटाले गर्नु भएको थियो ।

त्यसपछि कक्षा १ का विद्यार्थीहरूले समुह नाच प्रस्तुत गरियो । नर्सरीदेखि कक्षा २ सम्मका विद्यार्थीहरूलाई पदक तथा प्रमाण पत्र वितरण गरियो । कक्षा ५ का विद्यार्थीहरूले 'गोरखा पल्टन' समूह नाच प्रस्तुत, कक्षा ९ का विद्यार्थीहरूले 'लागु औषध' सम्बन्धी नाटक र आधुनिक नेपाली नृत्य प्रस्तुत गरियो । पुरस्कार वितरण गर्न अभिभावकहरू बोलाइएको थियो भने कार्यक्रम संचालन पनि विद्यार्थीहरूले नै गरेका थिए । अभिभावकका तर्फबाट त्रि.वि.का प्राध्यापक मदन कुमार दाहालले आफ्नो मन्तव्यको क्रममा कुनै पनि विद्यालयको शैक्षिक कार्यक्रम प्रभावकारी हुनका लागि सबल शैक्षिक नेतृत्वका साथै शिक्षक/शिक्षिका आफ्नो पेशासँग पूर्ण सन्तुष्ट र खुसी हुनुपर्ने बताउनु भयो ।

विद्यार्थीलाई सही मार्ग निर्देशन र सही शिक्षा दिन विद्यालय तथा अभिभावकको पूर्ण समन्वय जरुरी भएको विचार व्यक्त गर्नुभयो । विद्यालयका प्रिन्सिपल श्रीमती यशुदा श्रेष्ठले विद्यालय सञ्चालनको


फोटोः नजरराम महर्जन

क्रममा आफूले प्राप्त गरेका अनुभव सुनाउनु हुँदै आमाबाबु र छोराछोरीको सम्बन्ध साथीजस्तै हुनुपर्ने बताउनुभयो ।

उनीहरूलाई सही मार्ग निर्देशन गर्न सकेमा छोराछोरीले कुनै पनि काम लुकाइ छिपाइ नगर्ने कुरामा आफू विश्वस्त रहेको बताउनु भयो ।

उहाँले पुष्पसदन स्कुल प्रणालीमा चल्ने विद्यालय भएकोले प्रत्येक वर्ष आवश्यकतानुसार प्रणालीमा केही परिमार्जन गर्दै प्रभावकारी ढङ्गबाट उचित शिक्षा दिन सम्पूर्ण शिक्षक/शिक्षिका र आफूहरू कतिवद्ध रहेको कुरा पनि अवगत गराउनु भयो ।

# पाँगा माविमा संगीत तथा नृत्य कार्यक्रम

**शान्ति तामाङ (प्रशिक्षार्थी)**

पाँगा शहिदपथस्थित पाँगा माध्यमिक विद्यालयमा गत फागुन २७ गते शनिवार राइम्स एण्ड डान्स शो सम्पन्न गरेको छ ।

राइम्स एण्ड डान्स शोको अवसरमा स्कुलका प्रिप्राइमरीदेखि कक्षा दुई सम्मका बालबालिकाहरूलाई मात्र सहभागी गराइएको थियो । कार्यक्रममा बालबालिकाहरूले आफ्नो प्रतिभा प्रस्तुत गरी अभिभावक, शिक्षक/शिक्षिका तथा त्यहाँ उपस्थित पाहुनाहरूलाई मनोरञ्जन प्रदान गरिएको थियो ।

प्रस्तुतिमा बालबालिकाहरूले विभिन्न बालगीत तथा बाल नृत्य प्रस्तुत गरिएको थियो । उक्त कार्यक्रम वर्षमा एक पटक गर्दै आइरहेको र भविष्यमा पनि यसलाई निरन्तरता दिने आयोजक पक्षले बताएका छन ।

यसरी बालबालिकाहरूलाई पढाइ बाहेक अन्य अतिरिक्त क्रियाकलापमा सहभागी गराउँदा उनीहरूको मनोविज्ञानमा विकास भइ पछि गएर उनीहरूले जुनसुकै काम सफलताका साथ गर्न सकिने भएर यस्तो कार्यक्रमको आयोजना गरिएको र बालबालिका लाई आफ्नो प्रतिभा प्रस्तुत गर्न सक्ने खालको वातावरण सृजना गराइ दिनु पर्दछ प्रिन्सिपल रमेश मान महर्जनले बताउनु भयो ।


फोटो नजरराम महर्जन

## नेपाली भाषाको माध्यमबाट नेपालभाषा सिकौं

**नेपालभाषा —— नेपाली भाषा**

छपू चुरोट– एउटा चुरोट
छपू कथि– एउटा लठ्ठी
छपू खिपः – एउटा डोरी
छगः मुस्या – एउटा भटमास
छगः स्याउ – एउटा स्याउ
छगः बाकस– एउटा बाकस
छपाः मरि – एउटा रोटी
छपाः खापा – एउटा ढोका
छपाः कमिज– एउटा कमिज
छप्वाः मतः –एउटा बत्ती
छमा सिमा – एउटा रूख
छफ्वः स्वाँ– एउटा फूल
छचाकः– एउटा घेरो
छपा लाकां –एउटा जुत्ता
छजु लाकां – एक जोर जुत्ता
छपा खापा– एउटा ढोका
छजु खापा – एकजोर ढोका
छपा तुति – एउटा खुट्टा
छज्व तुति –एकजोर खुट्टा
छपा मोजा-एकजोर मोजा
छजु मोजा – एकजोर मोजा
छगः ख्येँ –एउटा अण्डा
छपाः ख्येँय्-एउटा अण्डा
छफुति लः-एक थोपा पानी
छपे जा-एक गाँस भात
छता खँ– एउटा कुरा
छकः – एक पल्ट
छखाः छेँ– एउटा घर
छपाः मरि– एक टुक्रा रोटी
छकू कापः–एक टुक्रा कपडा
छपाः न्हाय्कं–एक टुक्रा ऐना
छगः – एउटा
बागः – आधा
छगू /छि –एक
निगू /नसि– दुई
स्वंगू / स्व –तीन
प्यंगू /पि– चार
न्यागू /न्या– पाँच
खुगू/खु– छ
न्हयगू/न्हस – सात
च्यागू /च्या –आठ
गुंगू/गू – नौ
झिगू / सान्ह – दश
झिंछगू – एघार

# एएफसी च्यालेन्ज कपको लिग चरणका खेल समाप्त



**नवीन महर्जन**

अखिल नेपाल फुटवल संघको आयोजनामा एशियाली फुटवल महासंघको कार्यक्रम अनुसार गत फागुन २५ गते बिहिवारदेखि चैत ६ गते सोमबारसम्म ए.एफ.सी.च्यालेन्ज कप फुटवल प्रतियोगिता २०१२ सञ्चालन भैरहेको छ। सम्भवत यो प्रतियोयोगिता नेपाली फुटवल इतिहासमा सबभन्दा ठूलो प्रतियोगिता हो।

राष्ट्रिय खेलकुद प्रतियोगिताको चर्चा नसकिदै यो प्रतियोगिताको आरम्भ भएकोले अहिले सम्पूर्ण खेलप्रेमीहरूको ध्यान यस प्रतियोगितामा रहिर हेको छ। यस प्रतियोगितामा कुल ८ टिमले सहभागिता जनाइरहेको छ। समूह 'क' अन्तर्गत आयोजक नेपाल लगायत प्यालेस्टाइन, माल्दिभ्स र तुर्किमिनिस्तान रहेको छ भने समूह 'ख' मा विश्वकप सहभागिता जनाइएको उत्तर कोरिया, भारत, फिलिपिन्स र ताजकिस्तान रहेका छन्।

नेपाली टोलीका मुख्य प्रशिक्षक ग्राहम रोवर्टसले घरेलु मैदान र दर्शकहरूको अपार समर्थकले नेपाली टोलीले सेमिफाइनल सम्म अवश्य पुग्ने दावी गरेका छन्। जस्मा खेलाडिहरूले पनि आफ्नो छवी कायम राख्दै उत्कृष्ट प्रदर्शन गर्नेमा विश्वस्त छन्। तर २७ गतेको माल्दिभ्ससँग १-० गोल अन्तर्गतले पराजित भएपछि नेपालको सेमिफाइनलको यात्रा टुंगिएको छ।यस प्रतियोगिताको उद्घाटन म्याच गत २५ गते नेपाल र प्यालेस्तान बीच भएको थियो। यस उद्घाटन म्याचको प्रमुख अतिथी २०८ राष्ट्र सदस्य रहेको विश्व फुटवल महासंघका अध्यक्ष सेप प्लास्टर थियो। उहाँ यो प्रतियोगिताको उद्घाटन गर्न नेपाल भ्रमणमा आएको थियो। नेपालको फुटवल विकासको लागि प्रेरणाको स्रोतको रुपमा लिन सकिने फिफा अध्यक्षले नेपालको फुटवल विकासमा सधैं सकारात्मक देखिएको छ। जस्को फलस्वरुप यो प्रतियोगिता यहाँ सञ्चालन गर्न अवसर पाएको हो। यस उद्घाटन कार्यक्रममा प्रधान मन्त्री लगायत नेपालका प्रमुख राजनीतिज्ञहरूको उपस्थित रहेको थियो। यो प्रतियोगिता दशरथ रंगशालामा र हल्चोकको फुटवल मैदानमा सञ्चालन भैर हेको छ। उद्घाटन म्याचमा नेपाल ०-२ गोलले प्यालेस्तान सँग पराजित भएको थियो भने हलचोकमा भएको खेलमा तुर्कमिस्तानले माल्दिभ्सलाई ३-१ ले हराइएको थियो। फागुन २६ गतेको खेलमा उत्तर कोरियाले फिलिपिन्सलाई २-० गोलले हराइएको थियो भने अर्को खेलमा ताजिकिस्तानले भार तलाई २-० ले पराजित गरेको थियो। गत फागुन २९ गते अन्तिम खेलमा नेपाल र तुर्कमिनिस्तानको बीच भएको खेलमा नेपाल ३ गोलको अन्तर ले हारेको थियो। यस खेलमा नेपालले एक गोल पनि गर्न नसकेको कारण नैतिकताको कारण देखाइ नेपालका प्रमुख प्रशिक्षक बेलायतका ग्राहम रोवर्टसले राजिनामा दिनु भएको छ।

# नेवाः पत्रकार राष्ट्रिय दबूको सम्मेलन चैत्र ४ गते बसन्तपुरमा

नेवाः पत्रकार राष्ट्रिय दबूको राष्ट्रिय सम्मेलन यहि आउदो चैत्र ४ गते काठमाण्डौंमा गर्न ब्यापक तयारी भइरहेको छ।

सो दिन विहान ८ बजे शान्तिवाटीका रत्नपार्क क्षेत्रबाट सांस्कृतिक झाँकीसहितको र्‍याली निकाली बसन्तपुरको महादेव पार्वती दबिलिमा एक समारोह बीच उद्घाटन हुने दबूले जनाएको छ। देशभरीका करिव ३० जिल्लाका नेवाः पत्रकारहरूको सहभागीतामा हुने सो सम्मेलनका लागि विभिन्न उपसमितिहरू समेत गठन गरिसकेको छ। सो सम्मेलनले नेवाः पत्रकार राष्ट्रिय दबूको नयाँ नेतृत्व चयन गर्ने र विधान समेत पारित गरिने बताइएको छ।

नेवाः पत्रकारहरूको हक अधिकार, संचार क्षेत्रमा नेवाः पत्रकार हरूको पहुँच पुऱ्याउन र नेवाः एजेण्डा संचार माध्यमबाट प्रचार प्रसार गर्न सो संगठन निर्माण गर्न लागेको नेवाः पत्रकार राष्ट्रिय दबूले जनाएको छ।

## साहित्य —— गजल —— कविता



**प्रकाश भण्डारी**
**सहिद स्मारक कलेज**

जनता भन्ने नेताहरू सत्ता खेलमा फसेका छन्।
आफ्नो क्षेत्र बिर्सि अब राजधानी मै बसेका छन्॥
जनता भन्ने नेताहरू सत्ता खेलमा फसेका छन्॥।

दशबर्ष मै स्वीट्जरल्याण्ड बन्छ भन्थे नेपालमा।
तिनै नेता घुमीफिरी सत्ता खेलमा फसेका छन्॥
आफ्नो क्षेत्र बिर्सी अब राजधानी मै बसेका छन्॥।

जनताको लागि हामी लड्छौं भन्ने अर्थ चुनावमा।
जितेपछी घमण्डको अविर मात्र घसेका छन्॥
तिनै नेता घुमीफिरी सत्ता खेलमा फसेका छन्॥।

हराइसक्यो नेपालमा संविधान बन्ने आशा।
सत्ता भोगी नेताहरू आफ्नै थैली कसेका छन्॥
जितेपछी घमण्डको अविर मात्र घसेका छन्॥।

भारत को इशारामा चल्नेहरूको के भरोसा।
आफ्नो काम बिर्सी अब जनतालाई नै बसेका छन्॥
सत्ता भोगी नेताहरू आफ्नो थैली कसेका छन्॥।

## हिमाल मुनी राम्रा छाप्राहरू



**राम महर्जन,**
**नगाउँ**

प्राध्यापक आनन्ददेव भट्टज्यूले
छत्तीससाल ताका भन्नु भा थियो
एकदिन नेपालमा बहुदल अवश्य आउँछ
नआए मेरो टाउका काटि दिनु

विद्वानवर्गको अमर चिन्तन
१० वर्ष अगि नै घोषणा थियो
जनताले पनि साथ दियो
कृष्णले कंशलाई झैं पंचायत सफाया भयो

जनताको मन हर्षले विभोर भयो
किन्तु नेताहरूको आपसी खिंचातानीले गर्दा
हेर्ने ऐना फुटेर चिरा चिरा परेको जस्तो
सबैको अनुहारहरू नै विरुप देखियो

पवित्र तिर्थस्थल नेपाललाई
फोहर पानीमा डुबाउने गर्दा
शुद्धमनहरूले नुहाउनै सकेन
हिमाल मुनी राम्रा छाप्राहरू कहिले ?

सधैं अर्काको भर नपरौं
आफ्ना श्रोत साधनको खोजी गरौं
एकताको भावनामा सबै जुटौं
देशको मुहार उज्यालो पारौं

ऋणमा डुबेका कोरियालीहरू
मेहनत र परिश्रमले आज कहाँ पुगियो
ब्राजिलको अवस्था त्यस्तै थियो
हामी मात्र पछाडि किन पऱ्यो ?

## मतलबीका काइते मान्छेलाई पत्र



**नेपाःमि अर्जुन**

तिमी आउने प्रतिक्षामा धेरै वर्ष कुरें मैलें
अन्तै साइनो तिमीले लायौं थाहै नपाई व्यर्थ कुरें मैले

नसम्फाउनु अब मलाई नफकाउनु कहिल्यै
तिम्रो भूठो कसममा अब छैन रिभिन मैले
कायर त तिमी होइनौं बहादुर पनि त छैनौं
मतलबीका काइते मान्छे तिमी भन्नै पर्छ मैले

सँगै अब बाँच्नु छैन न त हिंड्नु
जिउने यो सफरमा तिमीलाई आफ्नो भन्दिन मैले
पराइको दर्जामा तिमी पक्कै छैनौं पनि
दिलको एक ठाउँमा तिमीलाई सजाएर राख्ने छु मैले

## 'नभन रोएर तिमी'



**प्रेमकृष्ण श्रेष्ठ**

नभन रोएर तिमी, बैशाखीलाई बैशाखी नै हो सहारा
बहन सक्छ फूल यहाँ टेकेर बतासको पाइला
हजार रग फुले पनि सृष्टिमा, प्रेमको एकै रंग
एउटा यस्तो यात्रा गरौं प्रियसी के सपाङ्ग, के अपाङ्ग
म यात्रा गर्छु, तिमी ममा अडेस लेऊ
म ओफेल हुन्छु, तिमी पनि ओफेल होऊ
प्रीतमा नयाँ रीत थाली हामी यात्रा गरौं
जे जति छ हामीविचमा आधा आधा गरौं
धूलोकै हो बाटो, तिम्रो पनि मेरो पनि
गुँरास हो रातो, तिम्रो पनि मेरो पनि
नरोऊ प्रियसी तिमी आफूलाई अपाङ्ग भनी
धेरै चिजको कमी छ यहाँ सपाङ्गमा पनि

# थुनुवाको डायरी–३५



## २०६७/०७/२६ शुक्रवार सैंतीस दिन

**गत अंकको बाँकि**

नारायण कार्की र रमेश मान गइसकेपछि बुहारी र श्रीमती आए।

'निरज किन नआएको ? ऊ कहाँ छ ?'

'हिजो खेतमा धान काटेको थियो । धान सबै पाँगामा राखेको थियो । आज निरजले ओसारिरहेको छ । त्यसैले बुहारीलाई लिएर आएको ।'

उनीहरूसँग कुरा गरिरहेकै बेला हिराबहादुर, दुर्कमान, प्रमेश, राजु, महेश्वर, राजकुमार नकर्मी मलाई भेट्न आए। श्रीमती र बुहारी फर्केर गए। म जेल परेकोमा उनीहरू सबैजनाले दुःख मनाए । म निर्दोष छ भन्नेमा उनीँहरू विश्वस्त छन् । राजकुमार नकर्मिले यहाँको प्रहरी निरिक्षकसँग परिचय गराई दिनुभयो। केही सहयोग गर्नुपर सहयोग गर्न तयार छ भन्नुभयो

आजको मेरो दिन रमाइलै सित बित्यो।

**२०६७/०७/२७ शनिवार अठतीस दिन**

आज विहान ५.२० मा मेरो निद्रा खुल्यो। बाहिर गएँ। सुनसान तर चकमन्न रात। यहाँ जेलमा कहिल्यै अँध्यारो हुँदैन। यहाँ रातभर कहीं पनि बत्ती निभाउँदैन। कोठाको ढोका पनि कहिल्यै बन्द हुँदैन। नित्यकर्म गरेर कोठामा आएँ।

ओहो! म यो भद्रबन्दी गृहमा आएको अरतीस दिन भैसक्यो। हनुमान ढोका खोरमा १४ दिन बसेर आएको थिएँ । यसरी म घरबाट निस्केको ५२ दिन भैसक्यो। आज मेरो जिउ अलि भारी महसुस गर्दैछु। आजकल म अलि मोटाएको छु। म मोटाएँ भने केही न केही हुन्छ। मोटाउनै हुँदैन। मानिसले चिन्ता लिनु हुँदैन। मनमा कुरा खेलाउन नहुने रहेछ। कार्तिक २४ र २५ गते दुई दिन मेरो मनमा खुब कुरा चलेको थियो। मन गोलमाल भएको थियो। मनमा अनेकौं तर्क वितर्क चलेको थियो। त्यसैको प्रभावले म बिरामी भएको छु। मनमा जतिसुकै पिडा भएपनि भेट्न आउनेहरूको अगाडि वनावटी हाँसो भएपनि हाँसी दिनैपर्छ। सबैलाई भन्नैपर्छ मलाई यहाँ राम्रो छ, म आराममा छु। मनको बह कसैलाई नकह भन्छन्। अरूलाई भनेर के गर्ने ? उनीहरूले मलाई यहाँबाट निकाल्न सक्दैन। अदालतमा मुद्दा चलिरहेकै छ। जे फैसला हुन्छ मैले मान्नै पर्छ। कार्तिक २५ गते पुनरावेदनमा मेरो पेशी थियो। समयाभावका कारण बहस हुन सकेन। अब मंसिर ३ गते शुक्रवार अर्को पेशी छ। आशा छ त्यस दिन म छुटुंला। तर भरोसा नै गर्नु भएन। त्यसदिन म छुटे पनि आइतवार नभै घर जान पाउँदिन। अब कार्तिक २४ र २५ गते जस्तो म उत्साही पनि हुन्न। मनमा अमन चैन ल्याउन भए पनि ठिकै नभए पनि ठिकै सिद्धान्त लाई अंगाल्नु पर्छ। कुनै माया मोह राख्नु हुँदैन। ६ बजे बाहिर गएँ। रेडियो सुन्दै घुमें। ६.४५ बजे चिया खाएर ओमशान्तिमा गएँ। आज पनि सुदिप भाइजी आउनु भएको रहेछ। मुरली सुनाउनु भयो। ध्यान बसेर आएँ।

खाना खाइसकेपछि आज मलाई कसैले भेट्न आउँछ कि भनेर माइकमा कान लगाएर बसिरहें। माइकले मेरो नाम बोलाएन। आज दिनभर मलाई कसैले भेट्न आएन। चिया पिउँदै चुरोट पिउँदै गरिरहें। ३.४५ मा धारा खाली भयो। आज होटलमा छ्वयला बनाएको रहेछ। चालीस रुपैयाँ खर्च गर्न मन नभएर विस्कुटले तारें। आजकल मबाट पैसा अलि बढी नै खर्च हुन थालेको छ। अहिले त छोरा, दाइ, भान्जा, दिदी बहिनी जसले पनि किनेर खान भनेर हजार पाँचसय रुपैयाँ दिएर जान्छन्। म यहाँ कति दिन बस्नु पर्ने हो के ठेगान ? एकचोटि पो अरूले पैसा दिन्छ। बारम्बार कसले दिन्छ ?

आज छोरा आउँछ कि भन्ने ठूलो आशा थियो। आएन। हिजो कृष्णा र सरू आएकोले खासै काम छैन भनेर नआएको होला। मैले उसको प्रतिक्षा गरि रहेको छु भनेर उसलाई के थाहा ? आज शनिवार अरू पनि कोही आउँला कि भन्ने मेरो कत्रो आशा थियो। तर कोही पनि आएन। सायद आज शनिवार भेट्न दिदैन भनेर नआएको हो कि ! जे होस आजको दिन बित्यो। हिजो भेट्न आउनेहरूको लश्कर थियो। आज शुन्य। कहिले घाम कहिले पानी भनेको यही हो। आज त्यति घाम लागेको छैन। आकाश बादलले ढाकेको छ।

**२०६७/०७/२८ आइतवार**

आज विहान ३.४५ बजे निद्रा खुल्यो। बाहिर गएर नित्यकर्म गरें। डाँडामा गएर एउटा चुरोट पिएँ। अब नसुत्ने विचारले डायरी लेख्न थालें।

सुरेन्द्र मानन्धरलाई मैले खुब भरोसा गरेको थिएँ। उसैलाई वकिल बसिदेउ भनेको थिएँ। उसले मानेन। म जेल आएको उनान्चालीस दिन भैसक्यो। उसले मलाई एकचोटि पनि भेट्न आएको छैन। ऊ मेरो शुभचिन्तक होइन रहेछ। ऊ एकदम चालबाज मान्छे रहेछ। उसको कारणले नै आज एमाले कीर्तिपुरबाट सखाप हुँदैछ। बरु पंचलालले दुईचोटि भेट्न आइसक्यो। राजकुमार नकर्मि नेपाली कांग्रेसका नेता हो। तैपनि उसले मलाई यहाँ भेट्न आइ–सक्यो। सकेको मद्दत गर्ने वचन दिएर जानुभयो। खोई मेरो आफ्नै पार्टीका कीर्तिपुरका नेताहरूले भेट्न आएको ? यस्तै हो को आफ्नो, को पराई पर पछि मात्र थाहा पाउँदो रहेछ।

अहिले विहानको ५ बजेको छ। मानिसहरू फात्तफुत्त उठेर धारातिर जाँदैछन्। मलाई पनि पिशाव लाग्यो। पिशाव फेर्न बाहिर गएँ। उज्यालो भएको छैन। दिन कति छोटो भैसकेछ। पहिले म आउँदा ५ बजेनै नम्बर खुल्थ्यो। त्यतिबेला झिसमिसे उज्यालो हुन्थ्यो। अहिले निश्तब्ध अँध्यारो छ। भाले कुखुरा बासेको आवाज आइरहेको छ। त्यसैले त दसैंपछि ५.३० बजेमात्र नम्बर खुल्ने बनाएको छ। बाहिर सफाई नाईके र सहनाईकेहरूले ट्वाईलेट सफा गरेर फोहोर थान्को लगाई सकेका छन्।

यो जेलमा दुई थरिका बन्दीहरू छन्। कैदी र थुनुवा। उनीहरू कैदी हुन जसको अदालतबाट मुद्दाको फैसला भएर सजायँ तोकिसकेको हुन्छ। अदालतले तोकेको निश्चित अवधिसम्म बस्नै पर्छ। यो उनीहरूको बाध्यता हो। त्यसैले उनीहरूले त्यति अवधिसम्म बस्ने मनस्थिति बनाईसकेका हुन्छन र त्यही अनुसार दिनगन्ति गरेर बसिर हेका हुन्छन्।

अर्को थरि मजस्तै पुर्पक्षका लागि थुनुवामा बसेकाहरू थुनुवा हुन। उनीहरूको मुख अँध्यारो हुन्छ। उनीहरू छटपटाइरहेका हुन्छन्। सफाई पाइन्छ कि भन्ने आशामा दिन काटिरहेका हुन्छन्। उनीहरूको गफ नै अब पेशी कहिले हुन्छ के फैसला होला भन्ने चिन्तामा हुन्छन्। अनि आ-आफ्ना अनुभव सुनाइरहन्छन।

आज ओमशान्तिमा कल्पवृक्षको बारेमा प्रवचन दिनुभयो। मैले बुझे अनुसार सत्ययुग र त्रेतायुग स्वर्णिम युग हो। द्वापरयुग चाँदीको युग हो भने कलियुग फलामे युग हो। यस युगमा मानिसमा काम, क्रोध, लोभ, मोह र अहंकार बढ्छ। एक आपसमा झगडा हुन्छ। पृथ्वीमा विभिन्न थरिका प्राकृतिक प्रलय भएर मानिस सखाप हुन्छ। जम्मा तैतीस करोड मानिस मात्र बाँकी रहनेछ। घाम तापिरहेको बेला नुहाउने पानी खुल्यो भनेपछि बाल्टिन लिएर पानी थाप्न गएँ। पानी थापेर आफ्नो कोठामा राखें। खाना खाएर घाम तापिरहेको बेला माईकबाट मेरो नाम बोलायो। छोरा आएको होला भनेर गएको हो रहेछ। छोरालाई देखेर मेरो मन प्रफुल्लित भयो। छोरालाई नदेखेसम्म अब मेरो मनमा चैन नहुने भैसक्यो। सायद छोरालाई पनि त्यस्तै हुन्छ कि ! छोराले मलाई यतिकै माया गरिरहन्जेल मेरो जेल जीवन कष्टकर हुने छैन।

छोरासँग कुराकानी भयो। अस्ति मेरो पेशी सर्दा छोरालाई साह्रै डिप्रेशन भएछ। अस्ति सेवा मनी ट्रान्सफरमा बच्चाहरू लाई बोलाएर डा.डंगाले र जुजुभाइले कुरा गरेका थिए। बच्चाहरूले भन्यो रे मैले केही पनि गरेको छैन। उनीहरूलाई त्यहाँबाट निकाल्नुस भनेर रोयो रे। अदालतमा तिमीहरूले यस्तै वयान देउ तिम्रो नजरराम बा छुट्छ भन्दा अब हामीले बयान फेरें भने हामीलाई ६ वर्ष कैद हुन्छ भनेको छ भन्यो रे। भ्वाइस अफ चिल्ड्रेनले उनीहरूलाई कति पिडा दिइराखेको होला। यो सब ख्याल ख्यालमै साँच्चै भएजस्तो भयो। छोरासँग निकैबेर कुराकानी भयो। चिया मगाएर पिएँ। १२.३० मा छोरा गयो।

अब कोही पनि आउँदैन होला भनेर नुहाउन गएँ। साँच्चै कोही पनि आएन। दिनभर उपन्यास लेखेर समय बिताएँ।

*क्रमशः .....*

# चोभारमा मोटर साइकल दुर्घटना

**रञ्जु के.सी. (प्रशिक्षार्थी पत्रकार)**

कीर्तिपुर नगरपालिका वडा नं १४ चोभार स्थित मोटरसाईकल दुर्घटना भएको छ।

गत आइतवार फागुन २८ गते साँझ ५ बजेतिर चोभार स्थित आउँदा र जाँदा मोटर साइकल टर्निङ दिने क्रममा बा ४४ प ६८६३ र बा २२ प ३८२० नम्बरको मोटरसाईकल ठोक्किएर दुर्घटना भएको हो। तर संजोगवस मोटरसाइकल चालकहरूलाई सामान्य चोटपटक मात्र लागेको छ। दुई वटै मोटरसाईकलमा दुई/दुई जना सवारी थिए। घाइते एक यात्रुको घर कोटेश्वर र अर्का एकको घर कालिमाटी रहेको बताइएको छ। चोभार ठाउँ भन्न बितिक्कै मानिसहरू घुम्न आउने गर्दछन्। तर कति मानिसहरू चोभारमा आई दुर्घटनामा परी आफ्नो ज्यान समेत गुमाएका छन्।

त्यसैले स्थानियवासीले सतर्क भएर मोटर साईकल चलाउन चालकहरूलाई आग्रह गरेका।

# शिवालयमा श्रीमद् भागवद ज्ञान महायज्ञ हुने

कीर्तिपुर नगरपालिका वडा नं ३ ट्यांग्लाफाँट स्थित कुशेश्वर महादेव मन्दिर शिवालयमा यहि चैत्र २ गतेदेखि ९ गते सम्म श्रीमद्भागवत ज्ञान महायज्ञ हुने भएको छ। आचार्य भागवद् किंकर मुरलीधर पोखरेलज्यूको प्रमुख सान्निध्यतामा प्रेमामृत ग्रन्थको संगीतमय सरल विवेचन हुने छ। उक्त महायज्ञ श्री कुशेश्वर महादेव समितिको १४ कोठा भएको सतल निर्माण कार्यको सहयोगार्थ तथा समस्त पीतृहरूको उद्धारको भावनाले माहयज्ञ गर्न लागेको संयोजक कृष्णराज डंगोलले जानकारी दिनु भएको छ। कार्यक्रम अनुसार चैत्र २ गते दिउँसो १ बजे कलश यात्राद्वारा कीर्तिपुर नगर परिक्रमा गरिने, ट्याडलाफाँट महिला समुहका संयोजक न्हुच्छेमाया महर्जनले जानकारी दिनु भएको छ। प्रत्येक दिन विहान ६:३० देखि ८ बजे सम्म मण्डप पुजन, ७-९ बजे सम्म विशेष पीतृ पुजन एवं हवन हनेछ। ८-१२ बजे सम्म श्रीमद्भागवद् पाठपरायण आचार्य पं. श्री मेघनाथ आचार्यज्यूबाट,१२-१ बजेसम्म महात्मे कथा प्रवचन, १ - ५ बजेसम्म संगीतमय भागवत कथा हुने र आरती, पुष्पाञ्जली, अभिषेक, प्रसाद वितरण, भजन कीर्तन हुने बताइएको छ।


# हार्दिक समवेदना

जन्म

वि. सं. २००१

कार्तिक ३ गते



स्वर्गारोहण :

वि. सं. २०६८

फागुन २० गते

यस क्लबका कार्याकारी सदस्य राजेन्द्र अधिकारीका पुज्यनिय पिता **कृष्ण बहादुर अधिकारी**को ६८ बर्षको उमेरमा फागुण २०गते असामयिक निधन भएकोले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनप्रति भगवानले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भनी हार्दिक समवेदना व्यक्त गर्दछौं।

**नयाँ बजार क्लब**

नयाँबजार, कीर्तिपुर ३

## हैन त ? –भरत




# शान्ति र नयाँ संविधानको बाधक

## ब्यंग सन्देश

शरद कुमार महर्जन

चारवर्षमा पनि शान्तिलाई तार्किक निश्कर्षमा पुऱ्याउन नसक्ने र नयाँ संविधान जारी गर्न नसक्ने अवस्था बनेपछि दलहरू एकले अर्कोलाई शान्ति र नयाँ संविधानको बाधक भएको आरोप लगाउन तछाडमछाड गर्न लागेको छ। साँच्चै शान्तिको हिमायती आफूमात्रै देखाउने, नयाँ संविधानको लागि आफूले मात्र पहल गरेको र आफूले पहल नगरेको भए अहिलेभन्दा सय प्रतिशत विग्रीसक्ने दलका नेता हरूको हुँकार देख्दा सबैलाई अचम्म लाग्नु स्वाभाविक हो। अहिले एमाओवादीको शीर्ष नेताहरूले नेपाली कांग्रेस र एमाले शान्ति र संविधानको बाधक भएको बताउने, एमालेले एमाओवादी, ने.कां र मधेसवादी दलहरू शान्ति र संविधानको बाधक भएको आरोप लगाउने र मधेसवादी दलका नेताहरूले एमाओवादी, ने.कां, एमाले दलहरू शान्ति र संविधानको बाधक भएको प्रत्यारोपण गर्ने अवस्था बनेका छन। अब नेता हरूका चाला हेर्दा सबै 'आफै बोक्सी र आफै झाक्री' भएका छन। आखिर कसैले पनि आफू शान्तिप्रिय नभएको र नयाँ संविधान नचाहेको देखाउन चाहेका छैनन्। 'छन गेडा सबै मेरा, छैनन् गेडा सबै तेरा' उखान जस्तै भएका छन।

आखिर सबैले चाहेको कुरा के हो त ? सबैले आ-आफ्नो सोच लाड्न चाहेका छन। आफूले भनेको कुरा लागु गर्न चाहन्छन्। आफ्नो पार्टीका कार्यक्रमहरू सरकार मार्फत लागू गर्न गराउन चाहन्छन्। सबै सभासदहरू अझ बढी केही वर्ष संविधान सभाको समय बढाउन चाहन्छन्। आफ्नो चाहना एकातिर छ अरुलाई भन्नु हुँदैन, आफ्नो जे चाहना छैन जनता उही गर भन्छन्। आखिर यहाँ व्यक्तिको चाहना इच्छामा भर पर्ने कुरा हो। शान्ति कायम नगरुं देश विदेश जनताको सवाल छ। संविधान नबनाउँ संविधानको लागि ठूलै धनराशी खर्च भैसकेको छ। शान्ति कायम गरौं यस्तो पैसा र नाम भजाउने सुनौलो अवसर अरु बेला आउँदैन, संविधान बनाउँ आफ्ना बुँदा पूरा लागु हुने अवस्था छैन। यसैले पनि दलका नेता तथा सभासदहरू लाई 'नखाउँ भने दिनभरको शिकार, खाउँ भने कान्छा बाउको अनुहार' जस्तो भएको छ।

देशको प्रधानमन्त्रीले नै देशमा आगामी जेठ १४ गते संविधान नबनेमा देशमा अप्रत्यासित दुर्घटना हुने बताएका छन। देशमा अझ पचास हजारले कुर्वानी गर्नु पर पनि पछि नपर्ने बताएका छन। शान्ति र संविधानको विकल्प अरु दलहरूले खोजेमा त्यसको परिणाम नराम्रो हुने चेतावनी दिएका छन। देशमा आफूले मात्र प्रधानमन्त्री चलाउन सक्ने, आफ्नो विकल्प खोजे देशमा ठूलो विद्रोह हुने अभिव्यक्तिले सबैलाई अचम्म पारेका छन। हिजो जहाँनिया राणा शासन अन्त्यहुँदा सयजना मान्छेले मर्नु नपर्ने, २०४६ सालमा पंचायत निरकुशता फाल्दा सयजनाले ज्यान गुमाउनु नपर्ने र २०६२/०६३ सालको जनआन्दोलनमा सयजनाले आहुती दिनु नपर्ने, हिजो माओवादी जनयुद्धकै बेलामा पनि १५/१६ हजारको ज्या गुमाएको यथार्थ थाहा हुँदाहुँदै जनता र अरु दलहरूलाई तर्साउने नाउँमा, आफ्नो कुर्ची बचाउनको लागि पचास हजार ले कुर्वानी गर्छन कि गर्दैन ? विचारै नगरीकन फेरि पचास हजारले कुर्वानी गर्न तयार भएर बस्नु आदेश दिने ? यो कस्तो देश हो ? आखिर देशमा को भएर के भयो भनेर जनता आफैले मुल्याङकन गरिरहेका छन्। जनताको लागि एउटा ग्यास पनि दिन नसक्ने सरकार ढल्ने भयो भने कसले अब काँध थाप्छन् र ? कसले बलिदान गर्छन ? ठूलो पार्टीको ठूलै हुँकार भनेजस्तै प्रचण्ड पनि के कम देशमा शान्ति र संविधानको बाधक त नेपाली काँग्रेस र एमाले मात्र देख्ने, आफ्नो के कमि कमजोरी छ कुनै समिक्ष नै नगर्ने, आखिरमा शान्ति हराएको पनि आफै, शान्ति चाहेको पनि आफै, जनविद्रोही पनि आफै, शान्तिप्रिय पनि आफै, जहाँ जस्तो स्रोता र जनता छन उनीहरुलाई उचाल्न र थचार्न मात्र बोल्ने बानीले नेपाली जनता तिलमिलाएका छन्।

त्यस्तै नेपाली कांग्रेसको सन्त नेता शुसिल होस्, धुरंधर नेता रामचन्द्र होस्, कुरा बुझ्न गाह्रो शेर वहादुर नै किन नहोस्। शान्ति कायम नभएको र संविधान नआएको कारण एमाओवादीले गर्दा नै हो, नेकपा एमालेले गर्दा नै हो भन्छन्। कम्युनिष्टहरू शान्ति र संविधान चाहेकै छैनन् भनिरहेकै छन्। नेकपा एमाले पनि के कम र बृहत जनसभामा बोल्न पाएपछि नेकपा एमालेको अध्यक्ष झलनाथ खनाल, माधव नेपाल, के.पी. शर्मा ओली,र बामदेवको गर्जनले यो देशमा उग्रवामपन्थी एमाओवादीका कारण र यथास्थितिवादी नेपाली कांग्रेस र अवसरवादी मधेसवीका कारणले पो शान्ति र संविधान नआएका बताएका छन। अतः नेपालमा शान्ति र संविधानको बाधक को हो, अनुसन्धानको विषय बनेको छ। आखिर कस्को कारण शान्ति हराएको छ। कस्को कारण संविधान जन्मन गाह्रो भएको छ। जनताले हेरिरहेका छन। कति प्रतिशत एमाओवादीले भनेका सही होला, कति प्रतिशत कांग्रेसले लगाएको आरोप सत्यहोला ? कति प्रतिशत एमालेको भनाईमा सत्यता छ, त्यो एकदिन जनताले जवाफ दिने छ। अब आफै बोक्सी आफै झांक्री हुने कसैलाई पनि सुहाउँदैन। सक्छ भने सबै मिलि शान्ति कायम गर, संविधान समयमै जारी गर, जनजीवीकालाई सहज गर। हैन भने पत्याउन छोड्छन, नेताहरूका कुरा, भएका विश्वास रसातलमा पुग्नेक्रम जारी छ। एक जुगमा एकदिन एकचोटि आउँछ, यस्तै हो भने एकदिन ढटुवा नेताहरूलाई जनताले विश्वास गर्न छाड्नेछन्।




# जनपोलिक्लनिकमा निःशुल्क स्वास्थ्य परीक्षण

गत शनिवार फागुन २७ गते कीर्तिपुरको जन–पोलिक्लिनिकमा निःशुल्क स्वास्थ्य परीक्षण कार्यक्रम सम्पन्न भएको छ। बरिष्ठ क्यान्सर विशेषज्ञ तारा मानन्धरले महिलाहरूलाई निःशुल्क क्यान्सर सम्वन्धी स्वास्थ्य परीक्षण गर्नुका साथै परामर्श प्रदान गर्नु भएको थियो। सो शिविरमा विवाहित र अविवाहित गरी जम्मा २८ जना महिलाले स्तन परीक्षण गराएका थिए। तीन जना विरामीलाई थप उपचारका लागि रिफर समेत गरिएको शिविरकी संयोजक सूर्जलक्ष्मी महर्जनले जानकारी दिनु भएको छ। कीर्तिपुरवासीलाई स्वास्थ्य सम्वन्धी जनचेता प्रदान गर्नुका साथै निरन्तर रुपमा निःशुल्क स्वास्थ्य शिविर संचलान गर्दै आएको जनपोलिक्लिनिकले आउँदो बैशाख महिनामा छालारोग सम्वन्धी निःशुल्क स्वास्थ शिविर गर्न लागेको थाहा भएको छ।

## सुहाना क्याटरिङ सर्भिस

**ट्याङ्ला, कीर्तिपुर**

**नोटः विवाह, ब्रतबन्ध, पिकनिक, सेमिनारका साथै विशेष अवसरमा हामीलाई सम्झनुहोस्।**

**Buffet Dinners Luncheons, B.B.Q.S etc**

Sudarsan Karki

(Mobile 9841461573, 9803910869, 4334477

## बुकिङ्ग खुल्यो

बाघ भैरव बचत तथा ऋण सहकारी संस्था लि.द्वारा संचालित कीर्तिपुर भेगमा नै सुविधा सम्पन्न दुई वटा हल सहित १५०० जना क्षमताको पार्टी प्यालेस- 'बाघ भैरब वैक्विट' संचालित भएको सहर्ष जानकारी गर्दछौं।

हामीकहाँ विवाह, ब्रतबन्ध, जंकु (भिमरथारोहण) आदिको पार्टी तथा भोज गर्न, विभिन्न संघ संस्थाहरूको - सभा, सम्मेलन, प्रदर्शनी तथा सेमिनार, गोष्ठी गर्न बुकिङ्ग खुल्ला गरिएको छ।

**विशेषताहरू :–** खुल्ला रमणीय स्थल, यथेष्ट पार्किङ्गको व्यवस्था, सुविधा सम्पन्न दुईवटा हल, DJ हलको छुट्टै व्यवस्था भएको, जेनेरेटरको सुविधा,

**बाघ भैरव बैक्विट (पार्टी प्यालेस)**

**नगाउँ, बालकुमारी मन्दिर सँगै फोन नं. ४३३०२३६, ९८५१०६२३७४, ९८४१३०२२०३, ९८५१०७२०७२, ९८४१३४३५३७**

# हार्दिक समवेदना

जन्म
१९९८ आश्विन २६



स्वर्गारोहण :
२०६८ फागुण ९

**स्व. चन्द्रविक्रम बुढाथोकी**

यस कलेजका संस्थापक सदस्य **डा. चन्द्रविक्रम बुढाथोकी**को ७१ वर्षको उमेरमा असामयिक निधन भएकोले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं
साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनप्रति भगवानले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

## सहिद स्मारक कलेज

नयाँ बजार, कीनपा -३

# हार्दिक समवेदना

जन्म
२०२७ पुष १५



स्वर्गारोहण :
२०६८ फागुन ७

**स्व. उषा बुढाथोकी**

यस जालपादेवी प्रा. वि. का भूतपूर्व प्र.अ **उषा बुढाथोकी (के.सी)**को २०६८ साल फागुन ७ गते का दिन आल्पायुमै असामयिक दुःखद् निधन भएकोले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै शोक सन्तप्त परिवार जनप्रति भगवानले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

## श्री जालपादेवी प्राथमिक विद्यालय परिवार

कीनपा १५, चारघरे

# हार्दिक समवेदना

जन्मः
वि.सं. १९९०
माघ ९



स्वर्गारोहण
२०६८ फागुण ५
गते शुक्रवार

**स्व. जितलाल महर्जन**

**यस विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष केदार महर्जनका पुज्यनीय पिता जितलाल महर्जनको असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनी ईश्वरसंग प्रार्थना गर्दै समवेदना प्रकट गर्दछौं ।**

## गोरखनाथ माध्यमिक विद्यालय

ध्वाखासी, कीर्तिपुर १७

# हार्दिक समवेदना

जन्मः
ने. सं. १०५०
सिल्लाथ्व तृतिया



स्वर्गारोहण
ने. सं. ११३२
चिल्लाथ्व पारु

**स्व. रामप्यारी महर्जन**

यस विद्यालयका शिक्षक श्री गौतम महर्जनको ममतामयी आमा **रामप्यारी महर्जनको** ८३ वर्षको उमेरमा असामयिक निधन भएकोले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोकसन्तप्त परिवारजनप्रति धैर्यधारण गर्ने शक्ति प्रदान गरुन भनी ईश्वरसँग प्रार्थना गर्दै समवेदना प्रकट गर्दछौं ।

## कीर्तिपुर माध्यमिक विद्यालय परिवार

बाहिगां, कीर्तिपुर– १७